# आर्थिक वर्ष २०८०/०८१ को

# मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम

## मधेश प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

## जनकपुरधाम, नेपाल

माननीय सभामुख,

माननीय सदस्यहरु,

१. संघीय लोकतान्त्रिक गणतन्त्रको प्रार्दुभाव पश्चात नेपालमा प्रादेशिक संरचनाहरु क्रियाशील भई स्थिरता तर्फ निरन्तर अग्रसर रहदै आएको सुखद अनुभूत्तिकासाथ मधेश प्रदेश राजनीतिक गतिशीलता एवं सामाजिक आर्थिक प्रगतिको मार्गमा अग्रसर रहेको सन्दर्भमा यस गरिमामय सभालाई सम्बोधन गर्न पाउँदा हर्षित भएको छु ।
२. नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र गणतन्त्र स्थापनाको लागि विभिन्न काल खण्डमा भएका जनआन्दोलन, सशस्त्र जनयुद्ध, मधेश जन विद्रोह लगायत विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात बीर शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।
३. मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको १५ औं आवधिक योजना तथा विभिन्न दीर्घकालीन क्षेत्रगत नीतिहरु, दिगो विकासका लक्ष्यहरु लगायत नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरु, प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजना, प्रदेश पार्श्वचित्र, मध्यमकालीन खर्च संरचना र प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमाका लागि प्राप्त गरेका सुझाव तथा मधेश प्रदेशको प्रादेशिक आकांक्षा र समृद्धिका प्राथमिकताहरु हासिल गर्ने दिशामा परिलक्षित गरिएको छ ।
४. यस नीति तथा कार्यक्रमले मानवीय क्षमता बिकास, पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी अभिबृद्धि, गरिबी न्यूनीकरण, दगो विकास तथा पर्यावरण संरक्षण र सुशासनको प्रत्याभूतिलाई प्राथमिकतामा राखेको छ ।

५. प्रदेश सरकारको स्थापना पश्चात् पाँचवटा नीति तथा कार्यक्रम प्रस्तुत भइसकेको सन्दर्भमा विगतका नीति तथा कार्यक्रमहरुको समीक्षा गर्दै आगामी वर्षभित्र कार्यान्वयन गर्न सकिने र ठोस नतिजा प्राप्त हुने कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्न जोड दिईनेछ ।

६. सार्वजनिक क्षेत्रको अनुत्पादक खर्चलाई निरुत्साहित गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ । यसका लागि अनुत्पादक क्षेत्रमा बजेट विनियोजन गरिने छैन ।प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व सम्बन्धी कानूनमा समसामयिक परिमार्जन गरी सार्वजनिक खर्च प्रणालीलाई थप पारदर्शी र जवाफदेही बनाईनेछ र वित्तीय अनुशासन कायम गरिनेछ ।

७. चालु खर्चलाई पुँजीगत खर्चसँग आवद्ध गरी गैर बजेटरी खर्च न्यूनीकरण गरिनुको साथै अवण्डा रकम कानूनले अनिवार्य गरेको बाहेक राख्न पाइने छैन।

८. आयोजनाहरुलाई प्रादेशिक आयोजना बैंकमा अनिवार्य रुपमा प्रविष्टि गरी प्रादेशिक आवश्यकता, क्षेत्रगत सन्तुलन एवं समन्यायीकताको सिद्धान्त अनुरुप बजेट विनियोजन गरी अपेक्षित प्रतिफल हाशिल गरिनेछ ।प्रदेश आयोजना बैंकमा पालिकाहरुको पहुँच बढाउन स्थानीय तहहरुको विकासमा महत्त्वपूर्ण योगदान दिन सक्ने योजनाहरु समावेश गरी स्रोत र साधनले भ्याएसम्म स्थानीय तहहरुको समन्वय र सहकार्यमा प्रादेशिक योजना सञ्चालन गरिनेछ ।

९. प्रदेशस्तरीय बहु-आयामिक गरिबीको अध्ययन, मधेश प्रदेश सरकार तथा स्थानीय तहहरुको संस्थागत क्षमता अभिवृद्धिका लागि रणनीतिक योजना तर्जुमा, मधेश प्रदेश सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अध्ययन अनुसन्धान, अन्य प्रादेशिक नीति, मार्गदर्शन, कार्यविधि निर्माण गरी लागु गरिनेछ ।

१०. प्रत्यक्ष  वैदेशिक तथा आन्तरिक लगानी प्रर्वद्धनका लागि सार्वजनिक, निजी, साझेदारीको अवधारणा अनुरुप कानूनी एवं संस्थागत संरचनाहरु निर्माण गर्नुका साथै आवश्यकता अनुरुप सबै सरोकारवालाहरुको सहभागितामा लगानी सम्मेलन गरी श्रोतमा अभिबृद्धि गरिनेछ ।

११. प्रदेशको समग्र आर्थिक गतिविधिलाई प्रोत्साहन हुने गरी आन्तरीक राजस्व नीति परिचालन गरिनेछ । प्रदेश राजस्व प्रशासनलाई संस्थागत सुदृढीकरण गर्नको लागि राजस्व सम्बन्धी कानून तर्जुमा, प्रादेशिक संगठन ढाँचा निर्माण, जनशक्तिको क्षमता विकास र सूचना तथा संचार प्रणालीको अबलम्बन गरिनेछ।

१२. अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई वस्तुगत र पारदर्शी बनाउन पालिकाहरुको जनसंख्या, क्षेत्रफल, खर्चको आवश्यकता, राजस्व क्षमता, पूर्वाधारको अवस्था समेतका आधारमा मापदण्ड तर्जुमा गरी वित्तीय हस्तान्तरणलाई वस्तुनिष्ठ एवं अनुमान योग्य बनाईनेछ ।

१३. मधेश प्रदेश मन्त्रालय अन्तर्गत रहेका अनावश्यक वोर्ड, समिति, आयोग र प्राधिकरणहरुलाई पुनः संरचना गरी चालु खर्च न्युनिकरण गरी पुँजिगत क्षेत्रमा खर्चलाई वढावा दिईनेछ ।

१४. मधेश प्रदेशको आर्थिक तथा शैक्षिक अवस्था र भौगोलिक पर्यावारणीय सम्वेदनशिलता समेतलाई ध्यान दिई वातावरण मैत्री दिगो कृषिमा आधारित अर्थतन्त्रलाई मजबुत बनाउने एवं भ्रष्टाचार र अनियमितता प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी उत्पादन वृद्धि, रोजगारी सिर्जना र सुशासन प्रवर्द्धन गराउने उदेश्यका साथ नवप्रवर्तनकारी नीति तथा कार्यक्रममा जोड दिईनेछ ।

१५. मधेश प्रदेशका सबै मन्त्रालयहरु एउटै परिसर भित्र सुबिधाजनक तवरले रहने गरी नेपाल सरकारबाट उपयुक्त जग्गा प्राप्त गरी गुरुयोजना वमोजिम आवश्यक पूर्वाधारहरुको निर्माण गर्ने प्रक्रिया अघि वढाईनेछ ।

माननीय सदस्यहरू

१६. मधेश प्रदेशको समष्टिगत कृषि क्षेत्रको सम्भावना विकास तथा प्रवर्द्धनका लागि गुरुयोजना तयार गरिनेछ । जैविक विविधताको संरक्षण, सम्वर्द्धन, दिगो व्यवस्थापन एवं उपयोगको लागि आवश्यक रणनीतिहरु तयार गरी कार्यक्रम

सञ्चालन गरिनेछ । स्थानीय मौलिक ज्ञान र प्रविधिको संरक्षण तथा सम्वर्द्धन गरिनेछ ।

१७. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्त्व सम्वर्द्धन अभिवृद्धिका लागि निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायीक खेती प्रणालीमा रुपान्तरण गरिनेछ। किसानलाई प्रत्यक्ष लाभ हुने गरी समयमै मल, उन्नत बीउ बिजन, प्राविधिक सेवा तथा अन्य आवश्यक सामाग्रीहरुको उपलब्धताको सुनिश्चितता गर्नुको साथै वस्तुपरक आधारमा अनुदान सहयोग उपलब्ध गराईनेछ ।

१८. कृषि क्षेत्रलाई प्रथमिकतामा राखेर उत्पादन र उत्पादकत्त्व वृद्धिका लागि प्रदेश र स्थानीय तहको सहकार्यमा बाँझो एवं उपयोग विहिन खेती योग्य जमीनको प्रयोग (कृषक समूह तथा कृषक सहकारीलाई लिजमा जमीन उपलब्ध गराउने व्यवस्था), "एक टोल एक सामुहिक कृषि उत्पादन", "एक वडा एक विशेष उत्पादन" र "एक पालिका एक उत्पादन क्षेत्र" लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. कृषिलाई प्रविधिमैत्री, व्यावसायिक, उच्च प्रतिफलदायी एवं मर्यादित पेशाको रुपमा रुपान्तरण गरिनेछ । कृषि उपजहरुको उत्पादन, प्रशोधन र भण्डारणमा सहयोग पुर्याउन स्क्रीन हाउस, भण्डार गृह र बिऊ प्रशोधन केन्द्र निर्माण गरिनेछ ।

२०. मधेश कृषि विश्वविद्यालयको नेतृत्वमा कृषि तथा पशु सेवा क्षेत्रमा अध्ययनरत स्नातक वा स्नातकोत्तर तहको प्राविधिक जनशक्तिलाई स्थानीय तहसंग समन्वय गरी किसानसम्म प्रविधि हस्तान्तरणको लागि कार्य प्रशिक्षणमा संलग्न गराईनेछ।

२१. दिगो कृषि प्रणाली कायम राख्न कृषि उपज र माटो लगायतका उत्पादनका साधनहरुको गुणस्तर परीक्षण गर्न प्रयोगशालाहरुको निर्माण र सुदृढीकरण गरिनेछ ।

२२. कृषि बाली तथा पशुपन्छीहरुको रोग, किरा रोकथाम र नियन्त्रणका लागि आठवटै जिल्लाहरुमा दक्ष प्राविधिक सम्मिलित सहायताकक्ष मार्फत हटलाइन

सेवा सञ्चालनमा ल्याईनेछ र आवश्यकता अनुरुप किसानको घर दैलोसम्म प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

२३. पशुको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि नश्ल सुधार कार्यक्रम, अनुवांशिक श्रोतहरुको संरक्षण, नविनतम नश्लहरुको आयात तथा प्रवर्द्धन गर्न संघीय सरकार र स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा कृत्रिम गर्भाधान केन्द्र स्थापना गरी घुम्ती कृत्रिम गर्भाधान सेवा सञ्चालन गरिनेछ । प्रदेश भित्रका प्रत्येक वडामा पालिका तथा निजी क्षेत्रहरुसंगको सहकार्यमा एक एक जना एग्रोभेट प्राविधिक परिचालन गरी पशु स्वास्थ्य सेवा घरदैलो सम्म पुर्याईनेछ ।

२४. कृत्रिम गर्भाधान सेवालाई थप प्रभावकारी बनाउन स्थानिय तहको समन्वयमा एक वडा एक सामुदायिक कृत्रिम गर्भाधान केन्द्र स्थापना गरिनेछ।

२५. कृषि प्रसारलाई अझ प्रभावकारी बनाउदै सम्पुर्ण खेती योग्य जमिनलाई कृषि कार्यमा ल्याउने, वगर खेती प्रणाली, वहु-वाली प्रणाली, अन्तरवाली प्रणाली, सहकारीमार्फत प्राविधिक सेवा र उत्पादनमुखी वनाउन नयाँ प्रविधिहरु सार्वजनिक निजी साझेदारी (**Public Private Partnership**) मोडेलमा रोल मोडेल (**Role Model**) फार्महरु विकास गरी कृषकलाई प्रविधि हस्तान्तरणमा सहयोग गरिनेछ।

२६. किसानलाई पशुपंछी सम्वन्धी निःशुल्क औषधी तथा खोप सेवा प्रदान गर्ने, संभाव्यता अध्ययन गरी भैसीं/गाई/वाख्रा अभियानको रुपमा सञ्चालन गर्ने तथा दुध र मासुजन्य उत्पादनमा आत्मनिर्भर भई आयात प्रतिस्थापन गरिनेछ।

२७. मलको आवश्यकता पुरा गर्नको लागि रसायनिक मलको आपूर्ति वितरण प्रणाली व्यवस्थित र सुदृढिकरण गर्दै, प्रदेश भित्रका वडा स्तरमा प्राङ्गारिक मल, जैविक मल तथा भर्मिकम्पोष्टको आन्तरिक उत्पादन, वितरण र प्रयोगलाई प्रोत्साहन र माटो स्वास्थ्य जाँच सेवा विस्तार तथा माटो परिक्षणलाई प्रभावकारी बनाउन प्रत्येक वडास्तरमा माटो परिक्षण (**Soil Testing Kit**) सेवा विस्तार गरिनेछ।

२८. सिँचाइ प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणद्वारा प्रदान गरिंदै आएको सहुलियतपूर्ण महशुल दरको विद्युत सिचाई मिटर जस्तै सुविधा पशुपालन,

कुखुरापालन, मत्स्यपालन, मौरीपालन आदि कृषिमा आधारित अन्य उद्योगहरुलाई समेत उपलब्ध गराउन आवश्यक पहल गरिनुका साथै हरेक खेतमा सिंचाई सुविधा बढाउन कृषि विद्युतिकरणमा विस्तार, निःशुल्क कृषि मिटर, चुरे संरक्षण लगायत सबै सिंचाईका माध्यमहरु सतही र भुमि जललाई प्रयोग विस्तार गरिनेछ। सिँचाई प्रयोजनका लागि लाग्ने विद्युत महशुलमा कृषकलाई ५०% अनुदानको व्यवस्था मिलाईनेछ ।

२९. सतह सिँचाइको सुविधा उपलब्ध गराउन नसकिने क्षेत्रहरुमा भूमिगत जलको उपलब्धता तथा भौतिक अवस्थाको आधारमा प्रदेशका जिल्लाहरुमा **Deep Tube Well** कलस्टर तथा विद्युतिकरण सहितको **Shallow Tube Well** कलस्टर बनाई **tube well** सिँचाई प्रणाली जडान गरी सिँचाई सुविधा पुर्याईने छ ।

३०. जिल्लामा रहेका पानी सर्वी तथा नदीनालाहरु **(perennial/seasonal water sources)** मा बाँध र पूल मुनि सुलिस गेट बनाई कूलो पैनी मार्फत सिँचाईको प्रवन्ध गरिनेछ । वर्षाको पानी संकलन र उपयोग गर्ने गरी कार्यक्रम तर्जुमा गरिनेछ ।

३१. प्रदेश भित्र संचालित रहेका राष्ट्रिय गौरवका योजनाहरु अन्तराष्ट्रिय विमान स्थल, निजगढ, हुलाकी सडक, सुनकोशी मरिन डाईभर्सन तथा सप्तकोशी – कमला डाईभर्सन लाई संघीय सरकारसंग समन्वय गरी निर्माण कार्यलाई अगाडी बढाउन जोड दिईनेछ ।

३२. कृषि यान्त्रीकरणलाई कृषक समक्ष सहज रुपमा पुर्याउन पालिका तहमा सार्वजनिक निजी साझेदारी (**Public Private Partnership)** मोडेलमा **Custom Hiring Centre** हरुको स्थापना गरी सञ्चालन गरिनेछ।

३३. रसायनिक विषादीको असर न्युनिकरण गर्न कृषकहरुलाई प्राँगारिक/जैविक विषादी (**Bio-pesticides)** प्रयोगमा प्रोत्साहन गर्ने तथा **IPM** प्रविधिहरुको प्रचार प्रसार र प्रयोगमा क्षमता विकास वालीनाली, पशुपन्छी तथा मत्स्यका महामारी रोगहरुको प्रकोप फैलिन नदिन घुम्ती सेवा सहितको रैपिड रिस्पोन्स टिम समेत परिचालन गर्नुका साथै आवश्यकता अनुसार संघ र स्थानिय तहहरु सँग

समन्वय गरी प्राविधिक टोलीद्धारा आकस्मिक व्यवस्थापन तथा जोखिम न्युनिकरण गर्न पहल गरिनेछ ।

३४. प्रदेशको सहकारी अभियानलाई थप व्यवस्थित र सुदृढ बनाउन सम्बद्ध सरोकारवालासँगको परामर्शमा "प्रादेशिक सहकारी प्रबर्द्धन नीति" तर्जुमा गरी जारी गर्नुका साथै प्रदेश सहकारी कानुनका लागि आवश्यक नियमावली तर्जुमा गरी लागु गर्न आवश्यक सांगठनिक संरचना खडा गरिनेछ ।

३५. जैविक सूरक्षा तथा जलचरहरुको स्वास्थ्य व्यवस्थापनको मापदण्डहरुको विकास, उपभोक्ताहरुलाई स्वच्छ तथा स्वस्थ्यकर माछा, मासु उपलब्धता सुनिश्चित गराउन स्थानिय तहको सहकार्यमा वातावरणमैत्री वधस्थल निर्माण/बजार स्थापना जस्ता कार्यमा सहयोग उपलब्ध गराईनेछ ।

३६. कृषि उपजहरुको न्युन्तम समर्थन मुल्य (**Minimum Support Price)** कायम गर्ने, वडास्तरमा दुध संकलन केन्द्र स्थापना, दुधालु पशु व्यवस्थापनका लागि **Milch Animal Identification and Traceability** प्रविधिको प्रयोग, विभिन्न बालीहरूको उत्पादन उपरान्त हुने क्षति न्यूनिकरण गर्नको लागि आधुनिक पोष्टहार्भेस्ट प्रबिधिहरुको प्रयोगमा विस्तार गरी कृषिवस्तु /फलफुल/दुध/माछामा आत्मनिर्भर कार्यक्रम तर्जुमा गरिनेछ।

३७. कृषि उद्योगमा आधारित उत्पादन विस्तार गर्न कृषि उद्योगहरुको स्थापनामा प्रोत्साहन गर्दै कृषि आपुर्ति श्रृंखला (**Supply Chain Management)** मार्फत कृषि उपजको बजार सुनिश्चिता गर्न काठमाडौं लगायत देशका विभिन्न ठुला शहरमा विक्री प्रवन्ध विकास गरिनेछ।

३८. निजी, सहकारी, सार्वजनिक तथा गैह्र सरकारी क्षेत्र समेतको समन्वय र सहकार्यमा प्रदेशको प्रत्येक जिल्लामा कम्तिमा एउटा नमुना एकिकृत जैविक फार्मको विकास गरिनेछ र सो प्रविधिलाई क्रमशः बिस्तार गर्दै लगिनेछ ।

३९. किसानहरुको वालीवस्तु तथा पशुधनको संरक्षण गर्नका लागि कृषि तथा पशुपंछी विमा कार्यक्रमलाई वडास्तर सम्म प्रभावकारी रुपमा प्रचार प्रसार गरी विमा लागु गरिनुका साथै क्षतिपुर्ति व्यवस्थापनका लागि प्रत्येक जिल्लामा विमा सहयता एकाईको व्यवस्था गरिनेछ।

४०. रैथाने वालीनाली/ पशुपन्छी र मत्स्य क्षेत्रको जैविक विविधता संरक्षणका लागि स्थानिय जातका वाली/पशुपन्छी तथा मत्स्यको संरक्षण, प्रवर्द्धन तथा उपयोगका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनुका साथै जंगली वनजन्तुका कारणवाट कृषि वालीनालीहरुमा हुने हानी नोक्सानी जस्ता समस्या समाधान गर्न विशेष पहल गरिनेछ।

४१. सहकारी खेती **(Cooperative farming)** र करार खेती **(Contract farming)** र सहकारी करार खेती **(Cooperative Contract Farming)** प्रणाली मार्फत कृषि उपजको आन्तरिक र बाह्य बजारमा बिक्रि व्यवस्थापनको लागि सहजीकरण गरिनेछ ।

४२. दाना र साइलेजका लागि उत्पादन गरिने मकै खेतीलाई करार खेती, चक्लाबन्दी, सहकारी खेतीमा जोड दिईनेछ । घाँसेवालीमा आधारित दुध तथा मासु उत्पादन कार्यक्रमलाई थप व्यवस्थित एवं सुदृढिकरणमा जोड दिईनेछ ।

४३. यस प्रदेशको चुरे क्षेत्रबाट आरम्भ गरी नेपालको सिमानासम्म नदीनाला खोलाको दुबै किनारहरुमा कृषि सडक निर्माण गरिनेछ ।

४४. अनुदानका कृषि कार्यक्रमहरुमा लक्षितवर्गको पहुँच बढाउन, अनुदान माथिको निर्भरता क्रमिक रुपले घटाउँदै अनुदान परिचालनमा देखिएका विद्यमान कमि कमजोरीहरुलाई सुधार गर्दै कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अनुदान सहयोग खाद्यपोषण सुरक्षा तथा साना र सिमान्तकृत कृषक, व्यवसायीहरुका लागि मात्र लक्षित गर्ने र अन्य लक्षित अनुदानहरुलाई सहुलियतपूर्ण ऋणका माध्यमले परिचालन गर्ने गरि समग्र अनुदान परिचालन प्रणालीलाई कानूनद्वारा व्यवस्थित गरिनेछ।

४५. कृषिलाई प्रवर्द्धन गर्न "सिंचाई मे लगानी किसान के खुशहाली" नारालाई सार्थक बनाउन सतह सिंचाई, मझौला सिंचाई प्रणाली तथा भूमिगत सिंचाइ प्रणालीलाई अझ सघनताका साथ अगाडी बढाइनेछ ।

४६. "मुख्यमन्त्री कृषक उत्थान कार्यक्रम, प्रस्तावमा आधारित नव प्रवर्तनीय कृषि, दुध तथा मासु मिसन जस्ता कृषि उद्यमीहरुलाई उच्च उत्पादन (**High Yield)** कृषि उत्पादनमा प्रोत्साहन, कम तौल तथा उच्च मुल्य जस्ता उत्पादनहरु

(मह/च्याउ/मखान आदि)लाई विदेश निर्यात कार्यक्रममा प्रोत्साहन गर्दै व्यवसाय प्रवर्द्धन गरिनेछ।

४७. वैदेशिक रोजगारवाट फर्किएका युवायुवतीहरुलाई प्रदेशमा व्यवसायिक खेती तथा पशुपंछी/ मत्स्यपालन प्रणालीमा संलग्न गराई रोजगारीका अवसर प्रदान गरिनेछ ।

माननीय सदस्यहरु

४८. वन क्षेत्रको दिगो विकास, संरक्षण, सम्वर्द्धन, उचित व्यवस्थापन र प्रदेशमा वन पैदावारको दिगो आपूर्ती गरी आत्मनिर्भर वनाउन मधेश प्रदेशको वन क्षेत्रको गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

४९. प्रदेश वन तथा वातावरण मन्त्रालयद्वारा माथिल्लो तथा तटीय अन्तरसम्बन्धको आधारमा चुरेको प्रभावकारी संरक्षण गर्न एकिकृत प्रणाली अनुरुप चुरे संरक्षण तथा व्यवस्थापन कार्यान्वयका लागि **“चुरे संरक्षण तथा व्यवस्थापन ऐन”** बनाउन आवश्यक पहल गरिनेछ ।

५०. मधेश प्रदेश भित्रका सम्पूर्ण नदीनालाका पहिचान गरी सो को संरक्षण र सम्वर्द्धनका लागि संघीय सरकार र स्थानीय तह सँग समन्वय गरी **“प्रदेश प्रमुख नदीनाला नियन्त्रण तथा जल संरक्षण कार्यक्रम”** सञ्चालन गरिनेछ।

५१. नदी तथा सिंचाई सडकको दुबै किनारमा वृक्षारोपणको कार्यक्रम सञ्चालन गरिनेछ ।

५२. निजी, सार्वजनिक तथा राष्ट्रिय वनको दिगो व्यवस्थापन गरी वनजन्य उद्यम विकास मार्फत वन क्षेत्रबाट उल्लेखनीय रोजगारी र आय आर्जनका अवसरहरु सिर्जना गर्न समृद्धिका लागि वन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५३. राष्ट्रिय वनको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि आवश्यक वन व्यवस्थापन पद्धती अवलम्वन गरिनेछ र सोबाट प्राप्त हुने वस्तुलाई न्यायोचित व्यवस्था मिलाईनेछ ।

५४. **"जहाँ बाटो त्यहाँ रुख, त्यसले ल्याउँछ परम सुख"** को नारालाई चरितार्थ गराउन स्थानीय तह समेतको समन्वय र सहकार्यमा सडक किनारमा विरुवा रोपी हरियाली प्रवर्द्धन गर्नुका साथै ग्रामीण तथा शहरी वन विकासमा जोड दिईनेछ।

५५. व्यवसायीकरण हुन सक्ने जडीबुटी एवं गैह्रकाष्ठ वन पैदावारहरुको पकेट क्षेत्र पहिचान गरी खेती प्रविधिको विकास, विस्तार र जडीबुटी प्रशोधन केन्द्रको स्थापना गरिनेछ ।

५६. **"मधेश हरित प्रदेश"** को अभियानलाई निरन्तरता दिन विभिन्न बहुउपयोगी प्रजातिहरुको बहुवर्षिय विरुवाहरु उत्पादन तथा वितरण गर्न प्रत्येक जिल्लामा स्थापित नर्सरीलाई व्यवस्थापन गरिनेछ । निजी क्षेत्रद्वारा स्थापित निजी नर्सरीहरुलाई विरुवाहरु उत्पादन तथा वितरण गर्न प्रोत्साहित गरिनेछ।राष्ट्रिय बृक्षारोपण दिवसको अवसरमा **"एक नागरिक एक विरुवा"** बृक्षारोपण अभियानको आरम्भ गरिनेछ।

५७. जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण वन क्षेत्र, सिमसार क्षेत्र वा अन्य भौगोलिक क्षेत्रलाई पर्यावरणीय दृष्टिकोणले हटस्पट घोषणा तथा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५८. निजी, सार्वजनिक तथा नदी उकासका जग्गाहरु र विद्युत प्रसारण लाईन भित्र पर्ने वन क्षेत्रमा समेत पर्यटनका लागि इको पार्क तथा जडीबुटी, चरन विकास कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।

५९. काठजन्य पदार्थको माँग र आपुर्तिबीचको सन्तुलन कायम गर्न र वन पैदावारमा आधारित उद्यम विकासका लागि प्रदेशमा निजी वनको विकास संरक्षण तथा व्यवस्थापन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

६०. मानव-वन्यजन्तु सह-अस्तित्व कायम गर्ने गरी जैविक मार्गको पहिचान, व्यवस्थापन र क्षति न्यूनीकरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ । पर्सा-कोशी जोड्ने जैविक मार्गको जोखिमयुक्त क्षेत्रहरुको नक्साङ्कन र व्यवस्थापनको लागि स्थानीय तह र समुदयसँगको सहकार्यमा कार्यक्रम ल्याईनेछ ।

६१. अतिक्रमित वन क्षेत्रको पहिचान तथा सोको तथ्याङ्क अध्यावधिक गर्न डिभिजन वन कार्यालय/सव डिभिजन वन कार्यालयहरुलाई डिजिटल तथा रिमोट सर्वलेन्स प्रविधियुक्त वनाई वन अतिक्रमण नियन्त्रण गर्ने कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

६२. प्रदेश भित्रका जिल्लाका सदरमुकाम तथा शहरोन्मुख क्षेत्रमा "हरित शहर, स्वच्छ शहर" को रुपमा विकसित गर्न सघन शहरी तथा हरित पार्क कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६३. नदीनालाहरुबाट ढुङ्गा, गिट्टी, वालुवाको अव्यवस्थित र अत्यधिक दोहनलाई नीतिगत तवरबाट व्यवस्थित गरिनेछ र चुरे क्षेत्रमा जलाशय निर्माण तथा मर्मत सम्भार गरी माटो कटान कार्यलाई नियन्त्रण,भूमिगत पुनर्भरण **(Ground water recharge)** गरी र भूमिगत जलस्तर **(Ground Water Level)** लाई उठाउने कार्य गरिनेछ ।

६४. जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

६५. परिस्थितिकीय तथा पर्यटकीय महत्वका सिमसार, जलाशय, ताल, पोखरी लगायत चुरेको फेदीमा रहेका सरकारी र सार्वजनिक जग्गामा वन्यजन्तुको संरक्षण र पर्यापर्यटनको विकास गर्न वृक्षारोपण, पार्क निर्माण, जलाशय र भल पानी संकलन, पोखरी निर्माण, थिग्रायन नियन्त्रण, सिमसार पुनरोत्थान जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६६. हैसियत विग्रेका वन क्षेत्रलाई व्यवसायिक कवुलियती वनको रुपमा दिई वन क्षेत्रको विकास गरिनेछ।

६७. वातावरणमैत्री अस्पताल, उद्योग तथा अन्य विकास निर्माण कार्यमा वातावरणीय अध्ययनको कार्यलाई निरन्तरता दिईनेछ।

६८. वातावरणीय प्रदुषणलाई व्यवस्थापन गर्न स्थानीय प्रशासनको सहयोगमा वातावरण निरीक्षण कार्यलाई अगाडि बढाईनेछ ।

६९. वातावरण मैत्री विद्युतीय सवारी साधनको प्रयोगलाई प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ।

७०. संघीय सरकारको सहयोगमा प्रदेशभित्र वायू प्रदुषण मापन केन्द्र स्थापना गरिनेछ। साथै प्रदेशमा सञ्चालित उद्योगहरुबाट निस्कने प्रदुषण तथा फोहोरमैला विसर्जनका लागि वातावरणीय मापदण्डको नियमन कार्यलाई प्रभावकारी बनाईनेछ।

७१. प्रदेश भित्रको जलाधारको एकिकृत व्यवस्थापन तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश भू-तथा जलाधार संरक्षण ऐन/नियमावली ल्याईनेछ।

७२. **"व्यवस्थित जलाधार, समृद्धिको आधार"** भन्ने नारालाई सार्थक तुल्याउन नदी प्रणालीमा आधारित नदी तथा खहरे नियन्त्रण, पहिरो तथा भू-क्षय नियन्त्रणको लागि विभिन्न सरोकारवारवालाहरुसँगको समन्वय र सहकार्यमा जलाधार व्यवस्थापन गरिनेछ । स्थानीय श्रोत साधन र जैविक अभियान्त्रिक (Bio-engineering) विधिको प्रयोगबाट कम खर्चिलो भू-संरक्षण प्रविधि मार्फत जलाधार व्यवस्थापन नीति लिईनेछ।

७३. चुरे तथा तराई मधेशको खेतीयोग्य भूमिको संरक्षण तथा व्यवस्थापनको लागि चुरे उत्थानशिल आयोजना समेतको सहकार्यमा नदी प्रणालीमा आधारित प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि मौजुदा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुको संगठन संरचना परिमार्जन गरी प्रदेश सरकारको **"चुरे जोगाउ, मधेश बचाउ"** भन्ने अभियानलाई निरन्तरता दिईनेछ।

७४. नदी उकास जग्गाहरुको पहिचान तथा संरक्षण र व्यवस्थापनको लागि उपयुक्त प्रविधिको पहिचान गरी आवश्यक कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ।

७५. खाली सरकारी जग्गा तथा नदि नियन्त्रणको लागि निर्माण भएको वा हुने तटवन्धको स्थायित्व तथा सवलीकरणको लागि वातावरणीय महत्वका वहुउपयोगी वोट विरुवाको वृक्षारोपण कार्यलाई प्राथमिकता दिई को विकास गरिनेछ ।

७६. स्थानीय कच्चा पदार्थमा आधारित लघु घरेलु साना तथा मझौला उद्योगहरुलाई प्रवर्द्धन गरिनेछ । मूल्य श्रृंखलामा आधारित उधमशील र उत्पादनशील

संस्कृतिको विकास गरी लघु तथा साना उद्योगहरुको मझौला तथा ठूला उद्योगहरुसँग सम्बन्ध कायम गरिनेछ ।

७७. घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन गर्न विभिन्न सरोकारवालाहरुको सहयोगमा सीप तथा उद्यमशीलता विकास तालिम, सूचना प्रवाह, प्रविधि हस्तान्तरण, लगानीमैत्री वातावरणको निर्माण, औद्योगिक मेला, एक्सपो सञ्चालन गर्नुको साथै उद्यमीहरुको लागि सहुलियतपूर्ण ऋणकोलागि सहजीकरण गरिनेछ।

७८. प्रदेशमै लगानीको माध्यमबाट पुँजी तथा बौद्धिक सम्पतिको उत्पादनमूलक क्षेत्रमा प्रयोग गरी स्वरोजगारका अवसरहरु सृजना गर्न प्रोतसाहित गरिनेछ । लगानीमैत्री औद्योगिक वातावरण निर्माण गर्न औद्योगिक र व्यापारिक प्रक्रियाहरुलाई सरलीकृत, पारदर्शी एवं विश्वासिलो बनाईनेछ । यसका लागि प्रदेश सरकारको नीति नियम र कार्यशैलीमा समसामयीक परिमार्जन, बजारको उपलब्धता, प्रतिस्पर्धाको स्वरुप, वित्त प्रबन्ध, मजदुर सम्बन्ध, श्रम उत्पादकत्व, औद्योगिक पूर्वाधारको अवस्था, दक्ष जनशक्तिको उपलब्धता, नवीनतम प्रविधिको उपयोग, कच्चा पदार्थको भण्डारण, तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान गरी यथार्थपरक र व्यवहारिक कार्यनीतिक योजना बनाई कार्यक्रम सञ्चालन गरिनेछ ।

७९. **"मधेश प्रदेशको पर्यटन पुर्वाधार, आन्तरिक पर्यटनको आधार"** भन्ने नारालाई सार्थक तुल्याउन प्राथमिकताका प्रदेशका साथ धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक महत्वका पुर्बाधारको जिर्णोद्धार, विकास र प्रबर्द्धन गर्न दीर्घकालिन प्रभाव र परिणाम दिने ठुला लगानीका **"एक जिल्ला एक नवीनतम पर्यटकीय गन्तव्य"** को कार्यनीति लिई प्रदेशको गुरुयोजना तर्जुमा गरी वार्षिक तथा वहुवर्षिय कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८०. पर्सा जिल्लाको प्रसिद्ध बौद्ध धार्मिक स्थल भिष्वा मठलाई बिरगंज महानगरपालिकाको सहकार्यमा पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ।

८१. विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरुः शखडा, कंकालिनी, शम्भुनाथ, सल्हेश फुलवारी, धनुषाधाम, दुरबासा ऋषि, जनकपुरधाम, विद्यापति डिह, रौजामजार, सती बिहुला, मटिहानी, जलेश्वर महादेव, सिमरौनगढ, महागढीमाई, मुक्तेश्वरनाथ मन्दिर, पारसनाथ मन्दिर, पडौलस्थान लगायत अन्य धार्मिक तथा पर्यटकीय स्थलको रुपमा व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८२. पर्यटकीय विशेष गन्तव्यको रुपमा हरित पैदल मार्ग, पर्यटकीय हरित उद्यानको निर्माण गरिनेछ । धनुषाधाम संरक्षित वनलाई प्रदेशकै लागि गौरव हुने "जैविकपार्क तथा वन्यजन्तु उद्दार केन्द्र" को रुपमा विकास गरिनेछ ।

८३. मिथिला माध्यमिकी परिक्रमाका पराउ स्थलहरु तथा रामायण सर्किटसँग जोडिएका स्थललाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा प्रचार-प्रसार तथा ब्रांडिङ्ग गर्न उक्त स्थलहरुको बृहत् विकास गरी पर्यटन प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८४. मधेश प्रदेश भित्रका भाषा, संस्कृति, परम्परागत मौलिक कला, लोक-संगीत, लोक-नृत्य, नाट्य, साहित्यको संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन गरी पर्यटकीय आकर्षण बढाउन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

८५. वैदेशिक रोजगारबाट फर्किएका युवा जनशक्तिसंग भएका सीपलाई सदुपयोग गरी स्वदेश मै आयआर्जनका बाटो खुलाउन सीपविकास तालिम, प्राविधिक सहयोग, अनुदानमा आधारित ऋण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८६. पर्सा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्षलाई वन्यजन्तु र पंक्षी अवलोकन जंगल सफारी लगायतका क्रियाकलापको गन्तव्यको रुपमा विकास गर्न आवश्यक सहयोगको दायरालाई फराकिलो बनाई पर्या -पर्यटनमा जोड दिईनेछ ।

८७. निजी क्षेत्रको नेतृत्वमा कृषि पर्यटन, पर्या-पर्यटन र सामुदायिक पर्यटन प्रवर्द्धनको लागि नीतिगत सुधार, पूर्वाधार निर्माण र जनशक्ति विकास तथा क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गरिनेछ ।

८८. संघीय सरकार स्थानीय तह एवं सरोकारवालाहरुसँगको समन्वय र साझेदारीमा **“पूर्ण सुरक्षित मातृत्व प्रदेश” , पूर्ण खोप युक्त प्रदेश ” , “कुपोषण मुक्त प्रदेश”** बनाउन प्रदेश सरकार प्रतिबद्ध रहनेछ ।

८९. स्वास्थ्य सेवालाई जनस्तर सम्म पुर्याउन “स्वास्थ्य सुधार योजना” को रुपमा पालिकाहरुसंगको समन्वय र सहकार्यमा उपलब्ध स्रोत साधनले भ्याएसम्म प्राथमिक स्वास्थ्यकेन्द्रहरु **(PHC)** मा कम्तिमा एक जना एम. बी.बी.एस. चिकित्सकको सेवा उपलब्ध गराईनेछ ।

९०. विपन्न तथा आर्थिक अवस्थाका कारण अस्पताल सम्म पुग्न नसक्ने प्रदेशका गरीब नागरिकहरुलाई अस्पताल सम्म ल्याई उपचार सुविधा उपलव्ध गराउने नीति अङ्गीकार गरिने छ । गरीब नागरिक द्वारा आफनो स्वास्थ्य उपचारमा गरिने खर्चलाई न्यूनीकरण गर्न आवश्यक नीतिगत सुधार गरि कार्यक्रम सन्चालन गरिनेछ ।

९१. जेष्ठ नागरिकलाई सर्वसुलभ रुपमा स्वास्थ्य सेवा उपलव्ध गराउन सरकारी अस्पतालहरुमा विरामी दर्ता गर्दा शुल्क नलाग्ने तथा प्रदेश तथा स्थानीय तहका ल्यावहरुमा परिक्षण गराउदा लाग्ने शुल्कमा कम्तिमा ९०% प्रतिशत छुट प्रदान गरिनेछ ।

९२. मधेश प्रदेश सरकारले ६० वर्ष माथिको नागरिकलाई आँखा, दाँत र कानको फ्री चेकअप गरिने व्यवस्था मिलाउनेछ ।

९३. रक्तचाप, मधुमेह तथा अन्य नसर्ने रोगको प्राथमिक परीक्षण तथा सचेतना वृद्धिका लागि पालिकाहरुसंगको सहकार्यमा **“मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा कार्यक्रम”** संचालन गरिनेछ ।

९४. प्रदेश स्तरमा बाल अस्पताल स्थापना तथा सञ्चालनको लागि संघीय सरकारसँग पहल गरिने छ ।

९५. क्यान्सर रोगको उपचारका लागि प्रदेशमा क्यान्सर अस्पताललाई थप सुदृढिकरणका लागि संघीय सरकारसंग पहल गरिने छ ।

९६. मधेश स्वास्थय विज्ञान प्रतिष्ठानमा चिकित्सा शिक्षाको अध्ययन अध्यापन कार्य प्रारम्भ भएको विदितैछ । यस प्रतिष्ठानलाई प्रादेशिक गौरवको आयोजनाको रुपमा विकसित गर्न गुरुयोजना बनाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । प्रतिष्ठानमा विशिष्टकृत सेवाहरु प्रदान गर्न (हृदय रोग, क्यानसर, जेरियाट्रिक तथा मानसिक रोगहरु उपचार केन्द्र) संस्थागत्त सुधार जनशक्तिको प्रबन्ध एवं आवश्यक पूर्वाधारहरुको निर्माण गरिनेछ ।

९७. प्रदेश जनस्वास्थ्य प्रयोगशालामार्फत आठ वटै जिल्लामा रहेका विभिन्न स्वास्थ्य प्रयोगशालाहरुको सुदृढीकरण तथा गुणस्तर अभिवृद्धिको लागि पूर्वाधार निर्माण, थप जनशक्ति र उपकरणको व्यवस्था गरिनेछ ।

९८. ब्लड बैंक सेवालाई नयाँ प्रविधि सहित सुदृढीकरण तथा आधुनिकीकरण गरी सञ्चालन गरिनेछ ।

९९. गुणस्तरीय स्वास्थ्य सेवामा हरेक वर्ग, जाती तथा समुदायको पहुँच सुनिश्चित गर्न स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति, २०७८ प्रभावकारी रूपले कार्यान्वयन गरिनेछ ।

१००. प्रदेश भित्रका सबै अस्पताल र स्वास्थ्य सेवा केन्द्रहरुले प्रदान गर्ने स्वास्थ्य सेवाहरुको न्यूनतम मापदण्ड तोकी सो को पालनाको लागि नियमित अनुगमन गरिनेछ ।

१०१. स्वास्थ्य सेवालाई थप बिस्तार गर्न आयुर्वेद, योग, होमियोप्याथी तथा अन्य बैकल्पिक उपचार पद्धतिको विस्तार गरिनेछ र सो को लागि चाहिने आवश्यक उपकरण तथा विशेषज्ञ सेवाको व्यवस्था गरिनेछ ।

१०२. मलेरीया, फाइलेरीया, कालाजार, क्षयरोग, कुष्ठरोग, डेंगु लगायतका रोगहरुको रोकथाम नियन्त्रण एवं निवारणका लागि नियमित प्रभावकारी कार्यक्रमहरु समुदाय स्तरसम्म सञ्चालन गरिनेछ ।

१०३. प्रदेश अन्तर्गत दलित विद्यार्थीहरुलाई अ.न.मी., स्टाफ नर्स, हेल्थ असिष्टेण्टको प्राविधिक तालिमको लागि मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग समन्वय गरिनेछ।

१०४. दलितहरुको क्षमता अभिवृद्धि र आर्थिक उपार्जनका लागि सम्बन्धित निकायसँग समन्वय गरी सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।

१०५. प्रदेशमा रहेको जनसांख्यिक लाभाँशको उपयोग गरी स्वदेश तथा विदेशमा समेत रोजगारीको अवसर सिर्जना गर्न व्यवसायीक तथा प्राविधिक क्षेत्रमा अर्धदक्ष तथा दक्ष जनशक्ति उत्पादन गर्न  आवश्यक नीतिगत, कानुनी, संस्थागत्त व्यवस्था सहितको प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०६. प्रत्येक जिल्लाका कम्तिमा दूई दूई वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न राष्ट्रिय स्तरमा ख्याती प्राप्त विद्यालयहरुसँग व्यवस्थापकीय सम्झौता गरिनेछ र आवश्यकता अनुसार भौतिक तथा समाजिक पूर्वाधार निर्माण एवं क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०७. निरक्षरता प्रदेश विकासको वाधक र सामाजिक रुपान्तरणको चुनौतिको रुपमा रहेकोले स्थानीय तहसंगको सहकार्यमा यूवा स्वयंसेवक, विद्यार्थी तथा विद्यालय समेतको परिचालन गरी "**प्रदेश साक्षर अभियान**" कार्यक्रम सञ्चालन गरिनेछ।

१०८. नागरिकको गुणस्तरीय शिक्षाको हकलाई आत्मसात गर्दै प्रदेश भित्र रहेका विद्यालयहरुको भौतिक तथा अन्य पूर्वाधारहरुलाई क्रमिक रुपमा विकास गर्दै लगिनेछ । साथै विद्यालय शिक्षामा नविनतम सूचना प्रविधि तथा स्थानीय भाषाहरुको प्रयोग गरी टेली शिक्षा प्रणालीको शुरुवात गरिनेछ ।

१०९. गुणस्तरीय शिक्षाको लागि संघीय सरकार र स्थानीय तहहरुको समन्वय तथा सहकार्यमा शिक्षकहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। शिक्षाको गुणस्तरीयता अभिवृद्धि गर्न योगदान दिनु भएका शिक्षकहरुको कदर गर्दै वस्तुपरक आधारमा "**एक पालिका एक उत्कृष्ठ  शिक्षण अभियान**" अन्तर्गत  एक एक जना शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

११०. प्रदेशभित्रका सवै विद्यालयहरुको खानेपानी र सरसफाई स्वच्छताको लागि अनलाइन डाटावेस तयार गरिनेछ र सोको लागि आवश्यक पूर्वाधार निर्माणतर्फ क्रमशः कार्यान्वयन गरिनेछ ।

१११. विद्यालय भर्ना कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्न अभिभावकहरुलाई अभिप्रेरित गरिनेछ । प्रत्येक गाउँपालिकाको एक प्राथमिक विद्यालयमा प्रदेश शिक्षकको व्यवस्था गरी शिक्षाको गुणस्तर र पहुँचमा अभिवृद्धि ल्याईनेछ ।

११२. गुणस्तरीय शिक्षाको लागि त्रिपक्षीय (विद्यार्थी, अभिभावक र शिक्षक) बीचको सम्बन्धलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति लिईनेछ।

११३. सामाजिक रुपान्तरण तथा लैङ्गिक सशक्तिकरणका लागि मुख्यमन्त्री **"बेटी पढाउ, बेटि बचाउ"** अभियान अन्तर्गत छोरी बीमा, छात्रवृत्ति, लोक सेवा आयोग तयारी कक्षा, साइकिल वितरण लगायत छोरी माथि समाजमा रहेका विभेदको अंतकोलागि विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आइरहेको छ । यस कार्यक्रमलाई निरन्तरता दिदै यस अभियान अन्तर्गत कक्षा आठमा अध्ययनरत छात्राहरुलाई साइकल खरिदको लागि विद्यालयमा अनुदान रकम उपलब्ध गराईनेछ । यस्तै प्रदेशका सामुदायिक विद्यालयहरुमा कक्षा १२ मा अध्ययनरत छात्राहरुलाई कम्प्युटर प्रविधिमा पहुँच पुर्याउन एक थान ल्यापटप सहयोग स्वरुप उपलब्ध गराईनेछ र सोको नियमित अनुगमन शिक्षा तथा समाज कल्याण मन्त्रालयबाट हुनेछ ।

११४. **मुख्यमन्त्री स्वच्छता अभियानलाई** अझ थप सवलीकरण एवं प्रभावकारी बनाउन टोल टोल मा **"फोहोर मलाई"** भन्ने स्वच्छता अभियान चलाईनेछ ।

११५. प्रारम्भिक बाल समूहका बालबालिका (३ देखि ४ बर्ष) लाई प्रारम्भिक विकासको अनुभव सहित कक्षा १ मा भर्ना गराउने नीति लिईनेछ । यसका लागि समुदायिक विद्यालयमा संचालित प्रारम्भिक बालविकास केन्द्रहरुको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री बनाईनेछ ।

११६. प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्न तर रोजगारको अवसरबाट बञ्चित युवाहरुलाई नवीन उद्यम मार्फत स्वरोजगार प्रदान गर्न सीप स्रोत र साधन उपलब्ध गराउने गरी **" गरीखाने अभियान"** सञ्चालन गरिनेछ ।

११७. डोम, मुसहर, चमार, दुषाध र हलखोर जातिका बाल बालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाउने दरलाई अभिवृद्धि गर्न दलित शिक्षा अभियान

अन्तर्गत प्रत्येक बाल बालिकाको खातामा शिक्षा बिजक रकम उपलब्ध गराईनेछ ।

११८. मधेश प्रदेशको पिछडावर्गको हकहित संरक्षण एवं सशक्तिकरणकालागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ र संस्थागत संरचना निर्माण गरिनेछ।

११९. दिगो विकास लक्ष्य तथा समृद्ध मधेश प्रदेशको परिकल्पनालाई सार्थक तुल्याउन प्रदेश मानव संसाधन आवश्यकता प्रक्षेपण तथा मानव श्रोत विकास योजना निर्माण, कार्यान्वयन तथा नियमन गरिनेछ ।

१२०. दलित, विपन्न तथा जेहेन्दार विद्यार्थीहरुको उच्च शिक्षा (प्राविधिक सहित) मा पहुँच बृद्धि र निरन्तरताको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१२१. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियानलाई सबै राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी, सरकारी तथा गैरसरकारी निकायहरुको साझेदारीमा निरन्तरता दिदै बालबालिकालाई विद्यालय भर्ना गरि प्रत्येक स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र विद्यालय बाहिर विद्यालय उमेर समुहका बालबालिका नरहेको कार्यक्रम सञ्चालन गरिनेछ ।

१२२. अपांगता भएका बालबालिकाहरुको शिक्षामा पहुँच वृद्धिका लागि अपांगताको प्रकृति अनुसार प्रत्येक जिल्लामा कम्तिमा एउटा विशेष विद्यालय वा सामुदायिक विद्यालयमा श्रोत कक्षाको स्थापना र विकास गरिनेछ ।सांकेतिक भाषा तथा ब्रेललिपीका पाठ्यपुस्तक पढाउनका लागि आवश्यकतानुसार दक्ष शिक्षकको व्यवस्था मिलाईनेछ ।

१२३. समाजमा अनुशासन कायम गर्न, शारीरिक तथा मानसिक स्वास्थ्यमा साकारात्मक परिवर्तन ल्याउन विद्यालय वा समुदायतह देखि प्रादेशिक स्तरसम्म खेलकुदका क्रियाकलापहरु सञ्चालन गर्नुको साथै आवश्यक पूर्वाधारहरुको क्रमिक रुपमा निर्माण गरिनेछ ।

१२४. प्रदेश भरिका युवा शक्ति क्षमता र योग्यताको पहिचान गरी युवा शक्तिको समुचित सदुपयोगको लागि प्रदेश युवा नीति तर्जुमा गरिनेछ । प्रदेशका युवा

शक्तिहरुलाई मूल प्रवाह तथा साकारात्मक बाटोतर्फ उन्मुख हुन अझ प्रेरित गर्न प्रदेशका आठ वटै जिल्लामा युवा परामर्श केन्द्रको स्थापना गरिनेछ ।

१२५. ज्येष्ठ नागरिकको सुरक्षा सम्मान र स्वास्थ्य परिक्षणको लागि विशेष सहयोगको कार्यक्रम ल्याईनेछ र उनीहरूको मनोरञ्जनको लागि दिवासेवा केन्द्रहरू सञ्चालन गरिनेछ।

१२६. घर परिवार र आफन्तविहिन भई सडक आश्रित बनेका, आफ्नो लागि आफै केही गर्न नसक्ने अवस्थामा रहेका, हेरचाह र पालनपोषण गरि दिने समेत कोही नभएका अनाथ, अपाङ्ग, अशक्त, असहाय मानवहरुको मानवोचित व्यवस्थापन गर्न प्रदेश सरकारले अभिभावकत्त्व प्रदान गर्नेछ ।

१२७. मधेश प्रदेशका प्राय महिलाहरू भान्साको काममा खटिनुपर्ने अवस्था भएको तर गरिब परिबारको भान्सामा ईन्धनको लागि गोवरबाट बन्ने गुँईठा, गोर्हा प्रयोग हुने र महिलाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने भएकोले प्रदेश भित्रका गुँईठा, गोर्हा प्रयोग गर्ने गरिब, दलित तथा अति सिमान्तकृत परिबारका लागि "धुवाँमुक्त भान्सा अभियान" अन्तर्गत प्रदेश सरकारको समन्वय र सहयोगमा स्थानीय तह मार्फत सुधारिएको चुल्हो वितरण गरिनेछ भने विधुत्तिय पूर्वाधार भएको स्थानहरुमा अति विपिन्न परिवारहरुका लागि "एक परिवार, एक विघुतीय चुल्हो" कार्यक्रम सञ्चालन गरिनेछ ।

१२८. प्रदेश स्तरीय सारभूत लैंगिक समानता नीति तथा बालबिबाह बिरूद्धको १० बर्षे रणनीतिक योजना स्थानीय तहको समन्वय र सहकार्यमा कार्यान्वयनमा ल्याईनेछ।

१२९. बालबालिका घरमुली भएको परिवार पहिचान गरी उनीहरुलाई आवश्यक सहयोग उपलब्ध गराउने र मनोपरामर्श सेवा समेत उपलब्ध गराईनेछ ।

१३०. महिला सशक्तिकरण कार्यक्रममार्फत महिलाहरुलाई मूलप्रवाहीकरणमा ल्याईनेछ । माहिलाहरुलाई सामाजिक, न्यायिक एवं आवश्यक अनुसारका सहायता प्रदान गर्न प्रदेशका आठवटै जिल्लाहरुका जिल्ला स्वास्थ्य केन्द्रमा महिला सहयोग केन्द्र स्थापना गरिनेछ ।

१३१. प्रदेश स्तरीय सारभुत लैङ्गिक समानता नीति, दाईजो प्रथा उन्मुलन नीति, बोक्सी आरोप र बालविवाह सम्बन्धी जागरुक अभियान सम्बन्धी नीति तथा रणनीतिहरु स्थानीयतहको समन्वय र सरोकारवालाहरुसंगको सहकार्यमा कार्यान्वयन गरिनेछ ।

१३२. फरक क्षमता भएका व्यक्तिहरुको हकहित संरक्षण तथा सशक्तिकरणको लागि गैर सरकारी संस्थाहरुसंग समन्वय गरिनेछ। फरक क्षमता भएका नागरिकहरुको सीप, कला, क्षमता विकास गर्ने र प्रतिभा भएका तर लुकेर बसेका प्रतिभाहरुलाई प्रोत्साहन गर्न आवश्यक पहल तथा बजारीकरणमा सहयोग गरिनेछ ।

१३३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको लागि आवश्यकता र मागको आधारमा सीपमुलक तालिम प्रदान गर्नुका साथै अल्पसंख्यकहरु प्रति सामाजमा देखिएका रुढिवादी परम्परा विरुद्ध सामाजिक व्यवहारमा परिवर्तन ल्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३४. घरघरमा स्वच्छ खानेपानी पुर्याउने अभियानलाई निरन्तरता दिईनेछ र “राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२” कार्यान्वयन गरी जिल्ला स्थित डिभिजन, सब- डिभिजन खानेपानी कार्यालयहरुमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना र सुदृढीकरण गरिनेछ ।

१३५. स्वच्छ खानेपानी सुविधा पुर्याउन “स्वच्छ जल, स्वस्थ्य जीवन” खानेपानी योजनालाई स्थानीय सरकार र सरोकारवालाहरुको समन्वय र सहकार्यमा प्राथमिकता साथ सञ्चालन गरिनेछ ।

१३६. वातावरणीय सरसफाई एवं स्वच्छता प्रवर्द्धन गर्न दिगो वातावरणीय सरसफाई कार्यक्रम अन्तर्गत जनचेतना अभिवृद्धि र सार्वजनिक शौचालय निर्माण र मर्मत सम्भार गरिनेछ ।

१३७. प्रदेश सरकारले आत्मसात गरेको “हाम्रो प्रदेश, उज्यालो प्रदेश” को नारालाई सार्थकता प्रदान गर्न  लाई सार्वजनिक निजी साझेदारी नीति अन्तर्गत प्रवर्द्धन गरिनेछ ।

१३८. **“जहाँ सडक, त्यहाँ विकास”** को नारालाई सार्थकता प्रदान गर्न विभिन्न जिल्लाहरुमा विस्तृत संभाव्यता अधययन गरी प्रदेश लोकमार्ग, प्रदेश सहायक मार्ग र स्थानीय सडकहरुको पहिचान गरी सडक तथा पुलहरुको विस्तृत इन्भेन्ट्री रिपोर्ट तयार गरिनेछ ।प्रदेश सरकारबाट निर्मित तथा स्तरोन्ति भएका सडकहरुलाई नियमित, आवधिक तथा अति आवश्यक भएमा आकस्मिक मर्मत समेत गरी दिगो रुपमा सञ्चालन गरिनेछ ।

१३९. बेरोजगारीको समस्यालाई समाधान गर्नका लागि सरकारले हाल भई रहेका कार्यक्रमहरुलाई समय सापेक्ष रुपमा परिमार्जन गर्दै रोजगारीमा युवा, महिला, दलित, सीमान्तकृत, लोपोन्मुख, पछाडि परेका समुदाय, अपाङ्गता भएका व्यक्ति तथा उनका परिवारका सदस्यहरुलाई स्वदेशमै रोजगारीमा पहुँच गरिनेछ ।

१४०. प्रादेशिक सडक निर्माणको लागि **“एक निर्वाचन क्षेत्र एक सडक”** कार्यक्रम अन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा ५-५ कि.मि. सडकहरु कालोपत्रे गरिने कार्यलाई निरन्तरता दिईनेछ । आवश्यकता अनुसार सडक पूल निर्माण गरिनेछ ।

१४१. संघीय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान, सशर्त अनुदान र समपूरक तथा विशेष अनुदानबाट संचालित योजनाहरुलाई बहुवर्षिय खरिद गुरुयोजना तयार गरी अनुदान बढाउन पहल गरिनेछ ।

१४२. संघीय सरकारबाट हस्तान्तरण गरिएका योजनाहरु सम्पन्न गर्नको लागि संघीय सरकारबाट आवश्यक बजेट विनियोजन गर्न पहल गरी समयमा नै प्रदेश सरकारबाट योजना सम्पन्न गर्न जोड दिईनेछ ।

१४३. पालिका केन्द्रहरुलाई प्रदेश राजधानीसँग पक्की सडक सञ्जाल मार्फत जोडनको लागि वैदेशिक सहयोगमा **“प्रादेशिक एवं स्थानीय सडक सुधार कार्यक्रम”** सञ्चालन गरिनेछ ।

१४४. पर्सा देखि सप्तरी जिल्ला सम्मको **“मधेश शहिद लोकमार्ग”** को निर्माण कार्यलाई आगाडी बढाईनेछ।

१४५. तत्काल सडक पुल निर्माण गर्न नसकिने स्थानहरुमा झोलुङ्गे पुल सम्बन्धी अध्ययन गरी निर्माण कार्य अगाडी बढाईनेछ साथै स्थानीय तहबाट निर्माण गरिने झोलुङ्गे पुल निर्माण कार्यमा प्रदेश सरकारबाट प्रदान गरिने सहयोगलाई निरन्तरता दिईनेछ ।

१४६. प्रदेश भित्र सञ्चालनमा रहेका राष्ट्रिय गौरवका योजनाहरु हुलाकी सडक, सुनकोशी-मरीन डाइभर्सन र सप्तकोशी-कमला डाइभर्सन जस्ता आयोजनालाई समयमै सम्पन्न गर्न संघीय सरकारसंग थप समन्वय गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१४७. मधेश प्रदेश अन्तर्गत रहेको पूर्वपश्चिम राजमार्गका विभिन्न स्थानमा **VFTC (Vehicle Fitness Test Center)** स्थापनाका लागि संघीय सरकारसंग समन्वय गरी प्रक्रिया अगाडी बढाईनेछ ।

१४८. यातायात क्षेत्रको नीतिगत, संरचनागत र कार्य प्रणालीगत सुधारमार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ । प्रदेशभित्र सडक दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीसँगको सहकार्यमा सवारी साधनको नियमित चेकजाँच, सचेतना र अभिमुखिकरण कार्यक्रमहरु निरन्तरता दिईनेछ ।

१४९. प्रत्येक जिल्ला सदरमुकाममा सञ्चालित दलित छात्रावास र जेष्ठ नागरिक आवास कार्यक्रमलाई सम्पन्न गरी क्रमशः स्थानीय तहसम्म विस्तार गरिनेछ।

१५०. प्रथम चरणमा जनता आवास कार्यक्रम अन्तर्गत सञ्चालित डोम, मुसहर, मेस्तर र हलखोरको आबास निर्माण कार्यलाई निरन्तरता दिदै क्रमशः अन्य दलित तथा लोपोन्मुख समुदायसम्म पुर्याईनेछ ।

१५१. प्रदेश सरकारद्वारा निर्माण गरिने भौतिक संरचनाहरु लैङ्गिकमैत्री, अपाङ्गमैत्री र बालमैत्री बनाउन विशेष जोड दिईनेछ ।

१५२. अस्वाभाविक मूल्यवृद्धि, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण गर्न संघीय सरकार र पालिकाहरुको समन्वयमा नियमित अनुगमन गरी उपभोक्ता हक अधिकारको संरक्षण गरिनेछ ।

१५३. सुरक्षित बेटी अभियान, बाल हिंसा, महिला हिंसा विरुद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि प्रहरी, स्थानीय तह

तथा विद्यालयहरु सँगको सहकार्य गरिनेछ । बालबालिकाहरुलाई आफ्नो आत्मरक्षाको लागि **self defense training** को व्यवस्था गरिनेछ ।

१५४. संघ, प्रदेश तथा स्थानीय तह एवं अन्य सरोकारवालाहरुको समन्वयमा लागु औषध ओसार पसार तथा दुर्व्यसन रोकथाम तथा नियन्त्रण कार्यक्रमलाई थप प्रभावकारी बनाई स्वस्थ्य, सभ्य र सुरक्षित समाज निर्माण गरिनेछ ।

१५५. बिपद् जोखिम न्यूनिकरणका लागि पूर्व तयारी, खोज तथा उद्धार, राहत, पुर्नस्थापना, पुननिर्माण लगायतका चक्रीय कार्यक्रमलाई सरोकारवालाहरुसँग समन्वय गरी कार्यान्वयन गरिनेछ र प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रलाई प्रभावकारी बनाईनेछ ।

१५६. प्रदेश सरकारका मन्त्रालय तथा निकायहरुबाट उत्पादन हुने विज्ञापन/सूचनाहरुलाई व्यवस्थित गर्न मधेश प्रदेशकै सञ्चार माध्यमहरुबाट प्रकाशन एवं प्रसारण गरिने नीतिलाई निरन्तरता दिदैं एकद्वार सूचना प्रणाली अवलम्वन गरिनेछ । सामुदायिक रेडियोहरुको सञ्चालन तथा सुदृढिकरण गर्नको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१५७. नागरिक सशक्तिकरणको सशक्त सम्वाहकको रुपमा भुमिका निर्वाह गर्ने पत्रकारिता क्षेत्रको उत्थानको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै पत्रकार वृत्ति कार्यक्रम, मधेश पत्रकारिता पुरस्कार, पत्रकार अध्ययन छात्रवृत्ति तथा महिला पत्रकारहरुको लागी विशेष सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१५८. मधेश आन्दोलन, जनयुद्ध लगायत जनआन्दोलनका शहिद तथा पीडित परिवारको सम्मान, आर्थिक सहायता, भरणपोषण, छात्रवृत्ति, रोजगारमुलक तालिम लगायतका परिपूर्ण कार्यक्रमलाई विभिन्न सरोकारवालाहरुको समन्वय र सहकार्यमा थप प्रभावकारी बनाईनेछ ।

१५९. प्रदेशको सार्वजनिक प्रशासनलाई स्वच्छ सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त र जनउत्तरदायी बनाउँदै प्रदेशले प्रवाह गर्ने सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न प्रशासनिक संयन्त्रहरुको सुदृढीकरणमा जोड दिईनेछ ।

१६०. मधेश प्रदेश सरकारका सबै मन्त्रालय तथा आयोगहरुले आन्तरिक नियन्त्रण प्रणाली र वित्तीय जोखिम मुलांकन प्रणालीलाई संस्थागत गरी वेरुजु न्यूनिकरण गर्दै सुशासन प्रवर्द्धन गरिनेछ ।

१६१. संविधान वमोजिम प्रदेश सरकारलाई प्राप्त अधिकार र जिम्मवारीहरुको आधारमा प्रदेशबाट गरिनुपर्ने तर हाल पहल नभएका विषयहरुको बारेमा अधयपन गरि छुटिरहेका विषयका सन्दर्भमा चाल्नुपर्ने नीतिगत, संरचनागत र प्रक्रियागत उपायहरुको वारेमा विज्ञहरु वाट अध्ययन गराई प्राप्त सुझावलाई कार्यान्वयन गरिनेछ ।

१६२. प्रदेशको विकासमा हातोमालो गरी सहयोग गर्ने संघ संस्थाहरुलाई कदर गरिनेछ । यस्ता विकासका साझेदाहरुसँग समन्वय र सहकार्य गरी प्रदेशको प्राथमिकता अनुसार विकासको क्षेत्रमा सेवा गर्ने अवसर प्रदान गरिनेछ ।

१६३. पोषण मैत्री स्थानीय शासनका लागि सबै स्थानीय तहसंग समन्वय र सहकार्य गरिनेछ।

१६४. न्यायमा सबैको समान पहुँचको लागि प्रदेशका विपन्न नागरिकहरुलाई निःशुल्क कानूनी सहायता प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१६५. संवैधानिक अधिकारको प्राप्तिका विषयहरुमा सम्बन्धित पक्षहरुसँग छलफल परामर्शको माध्यमबाट कार्य योजना तयार गरी कार्यान्वयनको लागि पहल गरिनेछ ।

१६६. मिटर ब्याजको माध्यमद्वारा गैर कानूनी रुपले आर्थिक शोषण गर्ने उपर प्रभावकारी कानूनी कारवाही गरी पीडितलाई न्याय दिईनेछ ।

१६७. स्थानीय सरकारको समन्वयमा मधेश प्रदेशको सबै जिल्लाहरुमा मुक्त हरवाचरवाको तथ्याङ्क संकलन गरी प्रमाणिकरण र परिचयपत्र वितरण गरिनेछ।

यी नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनबाट प्रादेशिक हित, एकता र स्वाभिमानमा अभिवृद्धि भई संघीयता संस्थागत हुनुमा सघाउ पुग्ने र प्रभावकारी

गुणस्तरीय सेवा प्रवाह हुने तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट योगदान हुने विश्वास लिएको छु ।

अन्त्यमा, यस प्रदेशको विकासमा योगदान पुर्याउने सम्पूर्ण राजनीतिक दलहरु, निजी क्षेत्र र सहकारी क्षेत्र प्रति आभार प्रकट गर्दछु र आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भूमिका खेल्ने सम्पूर्ण सरोकारवालाहरु र आमनागरिकहरुमा धन्यवाद ज्ञापन गर्दै प्रदेशको विकास प्रयासमा सहयोग गर्नु हुने समग्र अन्तर्राष्ट्रिय संघ संसथाहरु, विकास साझेदारहरु प्रति धन्यवाद ज्ञापन गर्दछु ।